आकाशवाणी

14-6-26 Sunday

सर्वप्रथम मुख्य समाचार..

- फसल उत्सव **राजा-** को अवसरमा राष्ट्रपतिले देशवासीलाई दिनुभयो शुभकामना
- विगत बाह्र वर्षमा देशको स्वास्थ्य सेवा थप सुलभ र किफायती बनाउन विभिन्न कदम चालिएको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ
- प्रधानमन्त्री र फ्रान्सका राष्ट्रपतिले नीसमा **भारत Innovates** कार्यक्रमको संयुक्त रूपले गर्नुभयो उद्घाटन ,अनि
- आयुष मन्त्रालयले यूट्यूबमा आयोजित एउटा  लाइव योग सत्रका माध्यमले नयाँ गिनीज वर्ल्ड रेकर्ड कायम गर्न सफल

------------

1. राष्ट्रपति राजा

राष्ट्रपति द्रौपदी मुर्मुले ओडिसाको फसल उत्सव **राजा-** को अवसरमा देशवासीलाई विशेष रूपले ओडिशा-वासीलाई हार्दिक शुभकामना दिनुभयो । सोशल मीडिया पोस्टमा, राष्ट्रपतिले **राजा-को** मनसूनको स्वागतको तिहार बताउनुभयो, जो धरती, मातृत्व भाव र बादलको सम्मान गर्नका लागि मनाइन्छ । उहाँले भन्नुभयो यो तिहारले प्रकृति र समाजको गहिरो जुड़ावलाई दर्शाउँछ।

2. प्रधानमन्त्री - स्वास्थ्य - 12 वर्ष

प्रधानमन्त्री नरेन्द्र मोदीले विगत बाह्र वर्षमा देशको स्वास्थ्य सेवा थप सुलभ र किफायती बनाउन विभिन्न कदम चालिएको बताउनुभएको छ । सामाजिक सञ्जालमार्फत उहाँले आयुष्मान

भारत योजना मार्फत गरिब तथा आवश्यकतामा रहेका नागरिकलाई उपचार सुविधा उपलब्ध गराइएको र जन औषधि केन्द्रहरू बाट सस्तो मूल्यमा औषधि प्रदान गरिएको जानकारी दिनुभयो । उहाँले **स्टेन्ट** तथा घुँडा प्रत्यारोपणको लागत घटाइएकाले बिरामीहरू लाभान्वित भएको उल्लेख गर्दै मेडिकल कलेज र सिट संख्या बढेसँगै चिकित्सक बन्ने अवसर पनि विस्तार भएको बताउनुभयो । प्रधानमन्त्रीले स्वस्थ भारत निर्माणका लागि सरकारले आगामी दिनमा पनि निरन्तर काम गरिरहने प्रतिबद्धता व्यक्त गर्नुभएकोछ ।

## 3. स्वास्थ्य-गडकरी-गोयल-नड्डा-रिजिजू

केन्द्रीय सड़क परिवहन र राजमार्ग मन्त्री **नितिन गडकरीले** भन्नुभएको थियो , प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा पछिल्लो एक दशकमा देशको स्वास्थ्य क्षेत्रमा व्यापक परिवर्तन आएको छ । सोशल मीडिया पोस्टमा श्री गडकरीले भन्नुभयो, आयुष्मान भारत योजना अन्तर्गत करोड़ौं मानिसलाई क्यासलेस स्वास्थ्य सुविधा मिलिरहेकोछ र यसको दायरा अब वरिष्ठ नागरिकहरूसम्म पनि बढ़ाइएको छ । केन्द्रीय वाणिज्य र उद्योग मन्त्री **पीयूष गोयलले** भन्नुभयो ,भारतले आज विश्वका केही ठूला स्वास्थ्य योजनाहरूलाई सफलतापूर्वक संचालन गरीरहेकोछ । सोशल मीडिया पोस्टमा उहाँले भन्नुभयो, सरकारको उद्देश्य बीमारीका कारण कुनै परिवारमा आर्थिक बोझ नपरोस्, यो सुनिश्चित गर्नु हो । केन्द्रीय अल्पसंख्यक कार्य मन्त्री किरण रिजिजूले भन्नुभएकोछ, पछिल्लो बाह्र वर्षमा देशको अल्पसंख्यक समुदायहरूको जीवन स्तर र उनीहरूको स्थितिमा धेरै सुधार भएको छ ।

## 4. प्रधानमन्त्री नीस यात्रा

प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सका राष्ट्रपति इमैनुएल मैक्रों-ले आज नीसमा **भारत** Innovates कार्यक्रमको संयुक्त रूपले उद्घाटन गर्नुभयो। भारत-फ्रान्स नवाचार वर्षमा आयोजित यस कार्यक्रममा अन्य देशहरूका शीर्ष नवाचार स्टार्टअप र उद्यम पूंजीदाता पनि शामेल भए । यसमा उन्नत कम्प्यूटिङ्ग, सेमीकण्डक्टर, आर्टिफिशियल इन्टेलिजेन्स र क्वान्टम, अन्तरिक्ष, स्वच्छ ऊर्जा तथा जैव प्रौद्योगिकी सहित तेह्र प्रमुख क्षेत्रहरूमा नवाचार

प्रदर्शन गरियो ।

## 5. योग- यूट्युब गिनीज वर्ल्ड रेकर्ड

आयुष मन्त्रालयले आज यूट्युबमा आयोजित एउटा लाइव योग सत्रका माध्यमले नयाँ गिनीज वर्ल्ड रेकर्ड बनायो। यस अनलाइन योग कार्यक्रममा चार लाख पैतिस हजार भन्दा अधिक मानिसले भाग लिए। आयुष मन्त्री प्रतापराव जाधवले भन्नुभयो, यो उपलब्धिले विश्वभरमा योगको बढ्दो लोकप्रियतालाई दर्शाउँछ। उहाँले मानिससंग योगली आफ्नो दैनिक दिनचर्याको भाग बनाउने अपील गर्नुभयो । अन्तर-राष्ट्रीय योग दिवसको मुख्य कार्यक्रम एकाइस जूनमा कोलकातामा आयोजना गरिनेछ । यस वर्ष योग दिवसको थीम - स्वस्थ आयुका लागि योग रहेकोछ ।

## 6. केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमण यू.पी.ए

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले कर्नाटकले यू.पी.ए सरकारको कार्यकालको तुलनामा केन्द्रीय करको हिस्साका रूपमा पाँच गुणा बढी रकम प्राप्त गरेको बताउनुभएको छ । बेङ्गलुरुमा आयोजित 'विकसित भारत संकल्प समावेश' कार्यक्रममा सम्बोधन गर्दै मन्त्री सीतारमणले कर्नाटकले केन्द्र सरकारबाट कर हिस्सा बापत करिब चार लाख करोड रुपियाँ प्राप्त गरेको जानकारी दिनुभयो । उहाँले कर्नाटक राज्य सरकारले केन्द्रबाट पर्याप्त सहयोग नपाएको भन्ने आरोपलाई पनि अस्वीकार गर्नुभयो अनि , कर्नाटकलाई राष्ट्रिय राजमार्ग निर्माण, रेल परियोजनाहरू तथा बेङ्गलुरु–चेन्नई औद्योगिक करिडोर परियोजनाका लागि समेत ठूलो मात्रामा आर्थिक सहायता उपलब्ध गराइएको बताउनुभएकोछ। नवीकरणीय ऊर्जा सम्बन्धी परियोजनाहरूका लागि पनि आवश्यक रकम उपलब्ध गराइएको उल्लेख गर्नुभयो ।

मन्त्री सीतारमणका अनुसार प्रधानमन्त्री जनधन योजना, मुद्रा ऋण योजना, आयुष्मान भारत, जल जीवन मिशन, उज्ज्वला योजना, किसान सम्मान निधि तथा जन औषधि केन्द्र जस्ता विभिन्न केन्द्र सरकारका योजनाहरूबाट कर्नाटकका नागरिकहरूले प्रत्यक्ष लाभ प्राप्त गरेका छन्।

### 7. बिहार एमएसएमई

केन्द्रीय सूक्ष्म, लघु र मध्यम उद्यम मन्त्री जीतन राम मांझी र बिहारका मुख्यमन्त्री सम्राट चौधरीले भोली बिहारको **गया-जी** जिलाको खिजर-सरायमा एउटा नयाँ प्रौद्योगिकी केन्द्रको आधारशिला राख्नुहुनेछ । यो केन्द्र दक्षिणी बिहार र मगध क्षेत्रमा एक सय सत्तरी  करोड़ रुपियाँको निवेशले स्थापित गरिनेछ । यसले केन्द्र इन्जीनियरिङ् र वस्त्र परीक्षण सहित प्रमुख क्षेत्रहरूको आवश्यकतालाई पूरा गर्नेछ साथै, उन्नत विनिर्माण सुविधाहरू, तकनीकी सहायता र उद्योग-उन्मुख प्रशिक्षण प्रदान गर्नेछ । मंत्रालयले भनेकोछ, केन्द्र सरकारको लक्ष्य प्रतिवर्ष सात हजार युवाहरूलाई प्रशिक्षण दिनु र रोजगार सेवाहरूको माध्यमले प्रति वर्ष एक हजार भन्दा अधिक उद्यमीहरूलाई सहायता प्रदान गर्नु हो ।

### 8. जितेन्द्र-अन्तरिक्ष अर्थव्यवस्था

केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले भन्नुभयो, भारतको अन्तरिक्ष अर्थव्यवस्था अगिलो दस सालमा चालिस देखि पैतालिस  अरब डलर सम्म पुग्न सक्छ। उहाँले भन्नुभयो, स्वच्छ भारत, डिजिटल इण्डिया, डिजिटल हेल्थ, डीप ओशन मिशन र गगनयान जस्तो कार्यक्रमले विज्ञान र नवाचारलाई भारतको विकास यात्राको केन्द्रमा स्थापित गर्नमा सहयोग गरेकोछ।

## 9. श्रीलङ्काको कोलम्बो

श्रीलङ्काको कोलम्बोमा आज पाँच हजारभन्दा बढी नर्तक–नर्तकीले सामूहिक भरत-नाट्यम प्रस्तुति दिँदै गिनिज विश्व कीर्तिमान कायम गरेका छन्। Colombo मा आयोजित कार्यक्रममा श्रीलङ्का, भारत लगायत विभिन्न देशका कलाकारहरूको सहभागिता रहेको थियो। कार्यक्रमको उद्देश्य भरतनाट्यमको समृद्ध परम्पराको प्रवर्द्धन गर्नुका साथै सांस्कृतिक सम्बन्ध सुदृढ बनाउनु रहेको आयोजकहरूले बताएका छन्। ......................

**श्रीलङ्काका लागि भारतीय उच्चायुक्त Santosh Jha ले गिनिज विश्व कीर्तिमानको प्रमाणपत्र ग्रहण गर्दै सहभागी कलाकार तथा आयोजकहरूलाई बधाई दिनुभएको छ। उहाँले भारत–श्रीलङ्का सम्बन्ध सुदृढ बनाउन संस्कृतिको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।**

--------